# आठराई त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ नं प्रदेश नेपाल

# करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७७०५१७)

आठराई त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७७०५०४ गतेको बैठकको निर्णय अनुसार यस गाउँपालिकाको विभिन्न वडा कार्यालय, तथा स्वास्थ्य चौकीहरुमा रहने गरी देहायको पदका लागि कर्मचारी करारमा पदपुर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र कार्यालय समयमा कार्यालयको आर्थिक प्रशासन शाखामा नगदै बुझाई लिएको रसिद वा गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. २६७०१००३०१०१०००२ मा परीक्षा दस्तुर दाखिला गरेको बैंक भौचर सहित गाउँ कार्यप(ालिकाको कार्यालयमा वा ई-मेल ठेगाना career.aathraitribeni@gmail.com मार्फत दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण प्रचलित कानुन बमोजिम हुनेछ।

| सूचना नं. | पद | सेवा | समूह | तह | आवश्यक संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| ०२/२०७७-७८ | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | हे.ई | सहायक पाँचौ | ३ | ५०० |
| ०३/२०७७-७८ | प्राविधिक सहायक | कृषि | कृषि प्रसार | सहायक पाँचौ | १ | ५०० |
| ०४/२०७७-७८ | प्राविधिक सहायक | कृषि | भेटेरनरी | सहायक पाँचौ | १ | ५०० |
| ०५/२०७७-७८ | अ.हे.ब. | स्वास्थ्य | हे.ई. | सहायक चौथो | १ | ३०० |
| ०६/२०७७-७८ | अ.न.मि. | स्वास्थ्य | क.न. | सहायक चौथो | २ | ३०० |
| ०७/२०७७-७८ | ल्याब असिस्टेन्ट | स्वास्थ्य | मे.ल्या.टे. | सहायक चौथो | २ | ३०० |
| ०८/२०७७-७८ | नायब पशु सेवा प्राविधिक सहायक | कृषि | ला.पो. एण्ड डे.डे. | सहायक चौथो | १ | ३०० |
| ०९/२०७७-७८ | नायब कृषि प्राविधिक सहायक | कृषि | कृषि प्रसार | सहायक चौथो | १ | ३०० |

१. **शैक्षिक योग्यता र अनुभवः**

क. नेपाली नागरिक ख. शैक्षिक योग्यता

- **हेल्थ असिस्टेन्ट पदका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता गरेको।
- **प्राविधिक सहायक, सहायक स्तर पाँचौ, कृषि पदका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई आई.एस्सी. (एग्री) उत्तीर्ण वा एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरी न्युनतम एक वर्षे जे.टि.ए. कृषि विज्ञान तालिम प्राप्त र न्यूनतम ३ वर्ष अवधीको कृषि विषयको डिप्लोमा उत्तीर्ण वा टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधीको कृषि विषयको डिप्लोमा उत्तीर्ण।
- **प्राविधिक सहायक, सहायक स्तर पाँचौ, भेटेरनरी पदका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई आई.एस्सी. (एग्री) उत्तीर्ण वा एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरी पशु विज्ञान न्युनतम ३ वर्ष अवधीको पशु विषयको डिप्लोमा उत्तीर्ण वा पशुपालन/पशुस्वास्थ्य टि.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधीको पशु विज्ञान विषयमा डिप्लोमा उत्तीर्ण।
- **अ.हे.ब. पदका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. वा सो सरह कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।
- **अ.न.मि. पदका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. वा सो सरह कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।
- **नायब प्राविधिक सहायक, सहायक स्तर चौथो, कृषि सेवाका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।
- **नायब पशु सेवा प्राविधिक सहायक, सहायक स्तर चौथोका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि विज्ञान (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।
- **ल्याब असिस्टेन्ट पदका लागि आवश्यक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.ई.ई उत्तीर्ण गरी ल्याब असिस्टेन्टको एक बर्षको कोर्स उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।

२. **आवश्यक कागजातः**

क. दरखास्त फारम (कार्यालयको website: www.aathraitrbenimun.gov.np बाट प्राप्त गर्न सकिनेछ)।

ख. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

ग. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, कार्य अनुभव भए सो को प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

घ. पासपोर्ट साइजको फोटो-२ प्रति।

३. **पारिश्रमिकः** सम्बन्धित पदको लागि नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

४. **परीक्षा पद्धतिः** प्राप्त दरखास्त मध्येबाट शैक्षिक योग्यता, कार्य अनुभव र स्थायी ठेगानाको आधारमा मूल्याङ्कन गरी छोटो सूची प्रकाशित गरिनेछ र छोटो सूचीमा परेका उम्मेदवार मध्येबाट लिखित परीक्षा तथा अन्तरवार्ताको माध्यमद्वारा छनौट गरिनेछ। लिखित परीक्षा तथा अन्तरवार्ताको मिति पछि प्रकाशन गरिनेछ।

५. इमेल मार्फत दरखास्त पेश गर्ने उम्मेद्वारले लिखित परीक्षामा सम्मिलित हुँदा पशे गरेका कागजातको सम्पूर्ण सक्कल प्रति सहित उपस्थित हुनुपर्ने छ।

६. पाठ्यक्रमः लोक सेवा आयोगबाट सम्बन्धित पदका लागि निर्धारण गरिएको पाठ्यक्रम लागु हुनेछ।

अन्य कुरा बुझ्नु परेमाः कार्यालय प्रमुखः ९८५२६६०९६०, कर्मचारी प्रशासन शाखाः ९८४१९७२२४६ स्वास्थ्य संयोजकः ९८६२७६६८१२

आठराई त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ाक्स : ४२५२२६२, इमेल : nagarik@nagariknews.com, प्रबन्ध निर्देशक : विनोदराज ज्ञवाली, निर्देशक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल